गौरीशंकर गाउँपालिका
Gaurishankar Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the ural Municipal Executive
सुरी, दोलखा ।, Suri, Dolakha.
बागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal


गौरिशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा बागमती प्रदेश, नेपाल २०७३

पत्र संख्या/ Ref. No. :- ०८०/८१
चलानी नं. /Dispatch No.:-

मिति/ Date: २०८१/११/०५

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागी निवेदन दिने बारेको सूचना

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ सो को नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५(पहिलो संसोधन, २०७७, दोस्रो संसोधन, २०७८ सहित) बमोजिम आगामी आर्थिक बर्ष २०८२/०८३ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजानिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०८१ फागुन महिनामा आफुले स्थायी बसोबास गरेको यस गाँउपालिका भित्रको सम्बन्धित बडाकार्यालयमा बेरोजगार व्यक्तिको सुचिमा सूचिकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निबेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसुची-१ ( संसोधित) बमोजिम हुनुपर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डहरु :

१. निवेदन दिंदाको मितिसम्म सोही आर्थिक बर्षमा न्युनतम १०० दिनको रोजगारीमा संलग्न नभएको ।
२. निबेदन दिंदाको मितिसम्म सोहि आर्थिक बर्षमा स्वरोजगारमा संलग्न भई न्युनतम १०० दिन रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रामिक बराबरको आय भन्दा कम आय भएको ।
३. १८ बर्ष पुरा भई ५९ बर्ष ननाघेको ।
४. पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रमकमा सहभागी हुन ईच्छुक रहेको ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजातहरु:

१. गौरिशंकर गाँउपालिका भित्र स्थायी बसोबास देखिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, परिवारमा भएको सम्पुर्ण सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा नागरिकता नभएका सदस्यहरुको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि । (निवेदकको नागरिकतामा स्थायी बसोबास गौरिशंकर गाँउपालिका नभएमा बसाईसराई वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि )
२. पासपोर्ट साइजको फोटो १ प्रति ।

***पुनश्चः बेरोजगार व्यक्तिहरुले अनुसुचि -१ बमोजिमको निबेदनमा उल्लेखित विवरणहरु (आफु लगायत परिवारका सम्पुर्ण सदस्यहरुको पारिवारीक विवरण, आय-आम्दानी, अन्य पेशा ब्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएका आदी) यथार्थपरक र पूर्णरुपमा अनिवार्य रुपमा भर्नुपर्ने छ, यथार्थपुरक र पूर्णरुपमा नभरेको निवेदन रोजगार सेवाकेन्द्रले सुचिकृत गर्न बाध्य हुनेछैन, निवेदन दिंदा आवशयक प्रमाणपत्रहरुको प्रतिलिपि, सक्कल बमोजिम नक्कल ठिक छ भनि निवेदक आफैले प्रमाणित गरी पेश गर्नुपर्ने छ, थप जानकारीका लागि गौरिशंकर गाँउपालिकाको रोजगार सेवाकेन्द्रमा सम्पर्क गर्न सकिनेछ ।***

.........................
(भीमसेन विष्ट)
नि. प्रमुख प्रशासकीय अधिकृत

भीमसेन विष्ट
नि. प्रमुख प्रशासकीय अधिकृत


mail : ito.gaurishankarmun@gmail.com info@gaurishankarmun.gov.np phone : 9854045053



CamScanner